# ALL INDIA RADIO GANGTOK
# NEPALI NEWS BULLETIN

**BROADCAST: 18:40 hrs** **Date: 28.04.2025**

---

***CM SDM Centre Inaugurated***

मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले आज रिञ्चेनपुङ समस्टि अन्तर्गत मंगलबारेमा महकुमा प्रशासनिक केन्द्रको उद्घाटन गर्नुभयो।

उद्घाटन समारोहमा अन्य वाहेक विधानसभा अध्यक्ष एम एन शेर्पा, मनत्री भीमहाङ लिम्बु, विधायकहरू इरूङ तेञ्जिङ लेप्चा मदन सिञ्चुरी र आदित्य गोले, लोकसभा सदस्य डा. इन्द्रहाङ सुब्बा उपस्थित हुनुहुन्थ्यो।

मुख्यमन्त्रीसे भन्नुभएको छ यस केन्द्रले प्रशासनलाई मानिसहरूको नजीत पुऱ्याउन, उत्तम सेवा सुनिश्चित गर्न र शासनमा सहजता ल्याउनमा सहयोग गर्नेछ।

श्री तामाङले यो महकुमा कार्यालय समावेशी विकास र सुशासनको प्रतिवध्दताको प्रतीक रहने आशा ब्यक्त गर्नुभएको छ।

---

***SGAY Houses***

यसैवीच आवास विकासको दिशामा एउटा महत्वपूर्ण पाइला चाल्दै सिक्किम गरीब आवास योजना अन्तर्गत आज पोकलोक कामराङका चारजना लाभार्थीहरूलाई नयाँ घर सुम्पिएको छ।

पोकलोक नन्दगाउँ प्रखण्डका घरहरूको उद्घाटन समारोहमा शहरी विकास मन्त्री श्री भोजराज राई मुख्य अतिथि हुनुहुन्थ्यो।

पक्का घर उपलब्ध भएकोमा लाभार्थीहरूले यस सहयोगका लागि मुख्यमन्त्री प्रेमसिंह तामाङ र क्षेत्र विधायक भोजराज राईप्रति आभार प्रकट गरेका छन्।

---

***MOS Visit Conclave***

केन्द्रीय आवास तथा शहरी मामिला राज्य मन्त्री टोकन साहुको दुई दिने लामो सिक्किम भ्रमण आज समाप्त भएको छ।

नाम्ची जिल्लाको अधिकारिक भ्रमणका क्रममा उहाँले आज पीएम श्री सरकारी माध्यमिक पाठशाला आसाङथाङ गएर त्यहाँ उपलब्ध सुविधाहरू र पूर्वाधारमूलक विकासहरूबारे जानकारी लिनका साथै विद्यार्थी र स्कूलका कर्मचारीहरूसित कुराकानी गर्नुभयो।

त्यसपछि श्री साहुले मणिराम फालिडाँडामा प्रधानमन्त्री आवास योजना ग्रामीण र मनरेगा योजा अन्तर्गत संयुक्त रूपमा निर्मित घरको निरीक्षण गर्नुभयो।

उहाँ मणिराम भञ्ज्याङ स्थित स्वास्थ्य तथा आरोग्य केन्द्रमा जानुभयो।

यसअघि मन्त्रीले सिध्देश्वर धाम गएर पूजा अर्चना गर्नुभयो। केन्द्रीय मन्त्रीसित अन्य अधिकारीहरूसँगै नाम्ची सिंगिथाङका विधायक सतीश चन्द्र राई र जिल्लाधीश अनुपा ताम्लिङ पनि जानुभएको थियो।

---

## ***Kisan Mela***

कृषि विभागको तत्वावधानमा रर्बन सामुदायिक परिसरमा आज कृषक मेला तथा कृषक गोष्ट आयोजित भयो।

यसमा कृषकहरू कृषि विशेषज्ञ, क्षेत्र कार्यकर्ताहरू र विभागीय अधिकृतहरू उपस्थित थिए।

कार्यक्रमलाई मुख्य अतिथिको रूपमा सम्बोधन गर्दै जिल्लाधीश रोहन अगवानेले सबै कृषक र अन्य सहभागीहरूलाई सरकारी योजनाहरूको लाभ उठाउन, नयाँ तकनिकहरू अप्नाउन र ढिगो आजीविकाका लागि उत्पादनशीलतामा सुधार ल्याउन प्रोत्साहित गर्नुभयो।

आफ्नो व्क्तव्यमा अतिरिक्त निदेशक छिरिङ छोपेल भुटियाले प्रधानमन्त्री कृषि सिँचाई योजना, प्रधानमन्त्री किसान सम्मान निधि, प्रधानमन्त्री फसल बीमा योजना राष्ट्रिय साद्य सुरक्षा मिशन माटो स्वास्थ्य प्रबन्धन र पूर्वोत्तर क्षेत्र जैविक मूल्य श्रृङ्खला विकास अभियान जस्ता कार्यान्वियन अधिन योजनाहरूबारे जानकारी दिनुभयो।

कार्यक्रममा प्रगतिशील कृषकहरूले कृषि नवोन्मेष तथा विकास प्रदर्शन गर्न विभिन्न स्टलहरू राखेका थिए।

---

## ***President Padma Awards***

राष्ट्रपति भवनमा अहिले नागरिक सम्मान समारोह आयोजन भइरहेछ।

यसमा राष्ट्रपति द्रौपदी मुर्मुले पद्म पुरस्कार प्रदान गरिरहनुभएको छ।

पहिलो चरणमा एकात्तरजना हस्तीहरूलाई पदम पुरस्कारद्वारा अलंकृत गर्ने कार्यक्रम छ।

देशको स्वोंच्च नागरिक सम्मानहरूमा सामेल पद्म पुरस्कार तीन श्रेणी पद्म विभूषण पद्म भूषण र पद्मश्रीमा दिइन्छ।

कला, समाज सेवा, जनहित कार्य, विज्ञान तथा अभियान्त्रिकी, ब्यापार तथा उद्योग, चिकित्सा, साहित्य तथा शिक्षा, खेलकुद र लोकसेवा लगायत विभिन्न क्षेत्रहरूका लागि यो सम्मान प्रदान गरिन्छ।

यो वर्ष गणतन्त्र दिवसको पूर्वसन्ध्यामा सरकारले एक सय उन्चालिस पद्म पुरस्कारहरूको घोषणा गरेको थियो।

यी मध्ये सात पद्मविभूषण, उन्नाइस पद्म भूषण र एक सय तेह्र पद्मश्री पुरस्कार सामेल छन्।

स्मरण रहोस् लोक संस्कृति तथा परम्पराको संरक्षणमा उल्लेखनीय योगदानका लागि सिक्किम प्रसिध्द लोक गायक नरेन्द्र गुरूङ पद्मश्री पुरस्कारका लागि चयन हुनुभएको छ।

---

## ***NCC Vibrant Village Programme***

पूर्व सिक्किमको छांगुमा आयोजित जीवन्त गाउँ शिविर आज सम्पन्न भयो।

सीमावर्ती गाउँहरूमा जीवन्तताको भावना बढ़ाउने उद्देश्यले पश्चिम बेगाल तथआ सिक्किम राष्ट्रिय क्याडेट कोर एन सि सि निदेशालयद्वारा आयोजित चार दिने लामो शिविर पर्या पर्यटन, सामुदायिक विकास र राष्ट्रिय एकीकरणमाथि जोड़ दिइयो।

शिशइरमा सिक्किम बटालियन एन सि सि, गान्तोकका ठिटा र ठिटीहरूले भाग लिए।

पछि उनीहरूले छांगु र सिप्सु गाउँहरूको भ्रमण गरी सरसफाई र विरूवारोपन अभियान पनि गरे।

---

***Meeting CS***

राज्य स्थापनाको पचासौं वर्षगाँठलाई लिएर एउटा समीक्षा बैठक गान्तोकको टाशीलिङ सचिवालयमा आज बस्यो।

मुख्य सचिव आर तेलाङले अध्यक्षता गर्नुभएको बैठकमा विभाग प्रमुखहरू र वरिष्ठ अधिकारीहरू उपस्थित थिए।

सोह्र मईका दिन आयोजित हुने राज्य दिवस समारोग र यससित सम्वन्धित कार्यकर्महरूको योजना र अन्य व्यवस्थाबारे विचारविमर्श गर्न डाकिएको बैठकमा गान्तोक नगर निगम, शहरी विकास विभाग, पर्यटन तथा नागरिक उड्डयन विभाग, विद्युत विभाग, सूचना तथा जनसम्पर्क, सूचना प्रौद्योगिकी, सड़क तथा पुल र पशुपालन विभागहरूद्वारा गरिएका तयारीहरूबारे चर्चा भयो।

श्री तेलाङले सोसियल मिडिया मार्फत कार्यक्रमहरूबारे जनजागरूकता बढ़ाउनुपर्ने आवश्यकतामाथि जोड़ दिनुभयो।

---

***Weather***

राज्यमा आज पानी नपेर तापनि आकाशमा बादल छाउनाले जाड़ो बड़ेको छ।

मौसम विज्ञान विभाग सूत्र अनुसार बितेका चौबिस घण्टामा आज गान्तोक र वरपर क्षेत्रामा न्यूनतम तापमान एघार दशमलउ छ डिग्री रेकार्ड गरियो।

विभागको पूर्वानुमानका भोलि न्यूनतम तापमान केही बढ़ी बाह्र डिग्री सेल्सियस रहनेछ।

भोलि बिजुली चम्किने र वर्षा हुने पनि बताइएको छ।

---